नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(कर्मचारी प्रशासन/संघसंस्था शाखा)
धनगढी, कैलाली

☎ ०९१-५२११०१ ☎ ०९१-५२२४४६
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi

प.सं. ०७८/७९
च.नं. 2272

मिति : २०७८/०८/०३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

विषय : जानकारी गराइदिने सम्बन्धमा ।

श्री स्थानीय तह, सबै
कैलाली ।

गृह मन्त्रालय, (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), काठमाडौंको च.नं. ४६० मिति २०७८/०५/२५ गतेको पत्रसाथ प्राप्त "हातहतियार खरखजाना नियमावली (दशौं संशोधन) २०२८ " सम्बन्धी नेपाल राजपत्र पाना ४ यसैसाथ संलग्न छ । उक्त संशोधित नियमावली बमोजिम नवीकरण गर्न छुटेका हातहतियार खरखजाना तथा हातहतियार इजाजत प्राप्त व्यक्तिको मृत्यु भई तोकिएको समयमा नजिकका हकवालाको नाममा नामसारी गर्न छुट भएका हातहतियार खरखजाना अन्तिम एक पटकका लागि २०७८ साल पुष मसान्त सम्म समय दिइएको हुँदा सर्वसाधारणमा जानकारी गराइदिन हुन अनुरोध छ ।

2078/08/02

यादव बहादुर भण्डारी
प्रशासकीय अधिकृत

Scanned with CamScanner

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, भदौ २१ गते, २०७८ साल (संख्या २०


## भाग ३

नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

<u>हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८</u>

हातहतियार खरखजाना नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

Scanned with CamScanner

२. <u>हातहतियार खरखजाना नियमावली, २०२८ को नियम १०क. मा संशोधनः</u> हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछी "मूल नियमावली" भनिएको) को नियम १०क. को,-

(१) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः-

"(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसकेका इजाजतपत्रवालाले नवीकरण हुन नसकेको मनासिब कारण देखाई अन्तिम एक पटकको लागि संवत् २०७८ साल पुष मसान्तभित्र निवेदन दिएमा नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ थप दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ।"

(२) उपनियम (२) मा रहेको "हातहतियार" भन्ने शव्दको सट्टा "हातहतियार, खरखजाना" भन्ने शव्दहरु राखिएका छन्।

३. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) को खण्ड (ख) मा रहेका "प्रशासन अधिकृत" भन्ने शव्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत" भन्ने शव्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "सीमा प्रशासन अधिकृतले" भन्ने शव्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले" भन्ने शव्दहरु राखिएका छन्।



Scanned with CamScanner

(३) ठाउँ ठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ।

४. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (५क) को सट्टा देहायको उपनियम (५क) राखिएको छ :-

"(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए अन्तिम एक पटकको लागि संवत् २०७८ साल पुष मसान्तभित्र मनासिब कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ ।"

५. मूल नियमावलीको अनुसूची-११क. मा संशोधन : मूल नियमावलीको अनुसूची-११क. को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) हातहतियार राख्ने इजाजतपत्र:

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | | नवीकरण दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|---|
| | जिल्लाभर | नेपालभर | जिल्लाभर | नेपालभर |
| १. पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको | ५,०००।- | ६,०००।- | ३,०००।- | ४,०००।- |
| २. टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको | ४,०००।- | ५,०००।- | २,०००।- | ३,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ३. भरुवा बन्दुक प्रत्येकको | ३,०००।- | ३,०००।- | १,५००।- | २,०००।- |
| ४. हावादारी बन्दुक प्रत्येकको | २,०००।- | २,५००।- | १,०००।- | १,५००।- |

(ख) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्रः

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. हातहतियारको | २५,०००।- | १५,०००।- |
| २. खरखजानाको | २०,०००।- | १५,०००।- |
| ३. हातहतियार खरखजाना दुवैको | ३५,०००।- | २०,०००।-" |

आज्ञाले,

टेकनारायण पाण्डे

नेपाल सरकारको सचिव।



Scanned with CamScanner